# <u>अस्थायी मतदाता नामावली सम्बन्धी कार्यविधि, २०८२</u>

<u>निर्वाचन आयोगबाट स्वीकृत मिति</u>

२०८२/०८/१७

<u>**प्रस्तावना**</u>: प्रतिनिधि सभा सदस्य निर्वाचन अन्तर्गत समानुपातिक निर्वाचन प्रणाली अनुसार हुने निर्वाचनको लागि आवश्यक पर्ने अस्थायी मतदाता नामावली सङ्कलन तथा अस्थायी मतदान प्रक्रियालाई व्यवस्थित तुल्याउन आवश्यक भएकोले,

मतदाता नामावली सम्बन्धी ऐन, २०७३ को दफा ४४ ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले देहायको कार्यविधि बनाएको छ।

## परिच्छेद-१
## <u>प्रारम्भिक</u>

१. <u>**सङ्क्षिप्त नाम र प्रारम्भ**</u>: (१) यस कार्यविधिको नाम "अस्थायी मतदाता नामावली सम्बन्धी कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि तुरून्त प्रारम्भ हुनेछ।

२. <u>**परिभाषा**</u>: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "अस्थायी मतदाता नामावली" भन्नाले ऐनको दफा ३० बमोजिम तयार गरिने अस्थायी मतदाता नामावली सम्झनु पर्छ।

(ख) "अस्थायी मतदान केन्द्र" भन्नाले समानुपातिक निर्वाचन प्रणालीतर्फ मतदान गर्ने गरी आयोगबाट तोकिएको मतदान केन्द्र सम्झनु पर्छ।

(ग) "आयुक्त" भन्नाले आयोगको निर्वाचन आयुक्त सम्झनु पर्छ र सो शब्दले प्रमुख निर्वाचन आयुक्तलाई समेत जनाउँछ।

(घ) "आयोग" भन्नाले संविधानको धारा २४५ बमोजिमको निर्वाचन आयोग सम्झनु पर्छ।

(ङ) "ऐन" भन्नाले मतदाता नामावली ऐन, २०७३ सम्झनु पर्छ।

(च) "कर्मचारी" भन्नाले नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहका सबै सेवा, समूहमा कार्यरत स्थायी, अस्थायी र करारमा कार्यरत कर्मचारी सम्झनु पर्छ र सो शब्दले विद्यालय र विश्वविद्यालयमा कार्यरत प्राध्यापक, शिक्षक र कर्मचारीलाई समेत जनाउँछ।

(छ) "जिल्ला समिति" भन्नाले दफा ८ बमोजिमको जिल्ला अस्थायी मतदाता नामावली सङ्कलन तथा व्यवस्थापन समिति सम्झनु पर्छ।

(ज) "निर्वाचन अधिकारी" भन्नाले निर्वाचन कार्यालयको प्रमुख सम्झनु पर्छ।

निर्वाचन आयोग नेपाल

(झ) “निर्वाचन कार्यालय” भन्नाले प्रदेश निर्वाचन कार्यालय वा जिल्ला निर्वाचन कार्यालय सम्झनु पर्छ।

(ञ) “प्रमुख नाम दर्ता अधिकारी” भन्नाले दफा ३ बमोजिमको प्रमुख नाम दर्ता अधिकारी सम्झनु पर्छ।

(ट) “समिति” भन्नाले दफा ७ को उपदफा (१) बमोजिमको अस्थायी मतदाता नामावली समन्वय समिति सम्झनु पर्छ।

(ठ) “सम्बन्धित निकायको प्रमुख” भन्नाले अस्थायी मतदाता नामावली सङ्कलन गरिने निकाय वा संस्थाको प्रमुख सम्झनु पर्छ।

(ड) “सहायक नाम दर्ता अधिकारी” भन्नाले दफा ४ बमोजिमको सहायक नाम दर्ता अधिकारी सम्झनु पर्छ।

(ढ) “संवैधानिक निकायका प्रमुख तथा पदाधिकारी” भन्नाले नेपालको संविधानको धारा ३०६ को उपधारा (१) को खण्ड (ठ) मा उल्लेख भएका संवैधानिक निकायका प्रमुख तथा पदाधिकारी सम्झनु पर्छ।

## परिच्छेद-२

## अस्थायी मतदाता नामावली सङ्कलन

३. **प्रमुख नाम दर्ता अधिकारी :** प्रत्येक जिल्लामा अस्थायी मतदाता नामावली सङ्कलन लगायत अन्य सबै कार्य गर्न सम्बन्धित जिल्लाको निर्वाचन अधिकारीले प्रमुख नाम दर्ता अधिकारीको रुपमा काम गर्नेछ।

४. **सहायक नाम दर्ता अधिकारी :** अस्थायी मतदाता नामावली सम्बन्धी कार्य सम्पादन गर्नका लागि प्रमुख नाम दर्ता अधिकारीलाई सहयोग पुऱ्याउन सम्बन्धित निकायको प्रमुख वा निजले तोकेको अधिकृतस्तरको कर्मचारीले सहायक नाम दर्ता अधिकारीको रुपमा काम गर्नेछ।

५. **अस्थायी मतदाता नामावली सङ्कलनको सूचना प्रकाशन गर्ने:** (१) आयोगले अस्थायी मतदाता नामावली सङ्कलन गर्ने कार्यक्रम सहितको सूचना प्रकाशन गर्नेछ।

(२) उपदफा (१) बमोजिमको सूचना आयोगले आवश्यकता अनुसार राष्ट्रियस्तरका सञ्चार माध्यमबाट समेत प्रकाशन तथा प्रसारण गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिम सूचना प्रकाशन भएपछि प्रमुख नाम दर्ता अधिकारीले अनुसूची-१ बमोजिमको ढाँचामा अस्थायी मतदाता नामावली तयार गर्ने सम्बन्धी कार्यक्रम निर्वाचन कार्यालयमा प्रकाशन गरी अनुसूची -२ बमोजिमको मुचुल्का गर्नु पर्नेछ।

६. **अस्थायी मतदाता नामावलीमा नाम समावेश हुने** : (१) ऐनको दफा २० बमोजिम अन्तिम मतदाता नामावलीमा नाम रहेका देहायका व्यक्तिहरुको नाम अस्थायी मतदाता नामावलीमा समावेश गरिनेछ :-

निर्वाचन आयोग, नेपाल

(क) नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह तथा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको संस्थामा कार्यरत कर्मचारी,

(ख) व्यारेकमा रहेका नेपाली सेना, नेपाल प्रहरी वा सशस्त्र प्रहरी,

(ग) कारागारमा रहेका थुनुवा र कैदी,

(घ) निर्वाचन कार्यमा खटिएका कर्मचारी र सुरक्षाकर्मी,

(ङ) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले सञ्चालन गरेको वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको स्वीकृत लिई सञ्चालन भएको वृद्धाश्रममा बसेका व्यक्ति,

(च) संवैधानिक निकायका प्रमुख तथा पदाधिकारी।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको व्यक्तिको नाम अस्थायी मतदाता नामावलीमा समावेश गरिने छैनः

(क) ऐनको दफा २० बमोजिम प्रकाशित अन्तिम मतदाता नामावलीमा नाम समावेश नभएको व्यक्तिको नाम,

(ख) कारागारमा रहेका थुनुवा र कैदीका हकमा निर्वाचन कसूरमा सजाय भोगिरहेको व्यक्तिको नाम।

७. <u>अस्थायी मतदाता नामावली समन्वय समिति</u> : (१) अस्थायी मतदाता नामावली सङ्कलन तथा व्यवस्थापन कार्यमा समन्वय गर्न आयोगमा देहाय बमोजिमको एक अस्थायी मतदाता नामावली समन्वय समिति रहनेछ :-

(क) माननीय निर्वाचन आयुक्त, मतदाता नामावली हेर्ने -संयोजक

(ख) सचिव, निर्वाचन आयोग, -सदस्य

(ग) सचिव, गृह मन्त्रालय -सदस्य

(घ) सचिव, रक्षा मन्त्रालय -सदस्य

(ङ) सचिव, महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय -सदस्य

(च) सचिव, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय -सदस्य

(छ) सहसचिव, सबै महाशाखा, निर्वाचन आयोग -सदस्य

(ज) वरिष्ठ कम्प्यूटर अधिकृत, सूचना प्रविधि शाखा, निर्वाचन आयोग -सदस्य

(झ) उपसचिव, मतदाता नामावली तथा निर्वाचन सञ्चालन शाखा वा तोके बमोजिमको उपसचिव, - सदस्य-सचिव

(२) समितिको बैठक आवश्यकता अनुसार संयोजकको अध्यक्षतामा निजले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

निर्वाचन आयोग, नेपाल

(३) समितिको बैठकमा माननीय प्रमुख निर्वाचन आयुक्त तथा निर्वाचन आयुक्तहरूलाई विशेष आमन्त्रित र विषयसँग सम्बन्धित बढीमा तीन जनासम्म अन्य कर्मचारीलाई आमन्त्रित गर्न सकिनेछ।

(४) समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(५) समितिलाई नियमानुसार बैठक भत्ता उपलब्ध हुनेछ।

(६) समितिको कार्य जिम्मेवारी देहाय बमोजिम हुनेछ :-

(क) अस्थायी मतदाता नामावली सङ्कलन तथा व्यवस्थापन र प्रयोग सम्बन्धमा छलफल गरी आयोग समक्ष सिफारिस गर्ने,

(ख) अस्थायी मतदाता नामावली सङ्कलन तथा अद्यावधिक गर्ने सम्बन्धमा सम्बन्धित मन्त्रालय तथा निकायहरुसँग समन्वय गर्ने,

(ग) अस्थायी मतदाता नामावली सङ्कलन तथा अद्यावधिक र यसको प्रयोग सम्बन्धमा जिल्ला समिति र सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने,

(घ) अस्थायी मतदाता नामावली सङ्कलन सम्बन्धी कार्यक्रम तयार पारी स्वीकृतिका लागि आयोग समक्ष सिफारिस गर्ने,

(ङ) जिल्ला समितिबाट प्राप्त अस्थायी मतदान केन्द्रको विवरण स्वीकृतिका लागि आयोगमा सिफारिस गर्ने।

८. <u>जिल्ला अस्थायी मतदाता नामावली सङ्कलन तथा व्यवस्थापन समिति</u> : (१) अस्थायी मतदाता नामावली सङ्कलन तथा व्यवस्थापनको लागि प्रत्येक जिल्लामा देहाय बमोजिमको जिल्ला अस्थायी मतदाता नामावली सङ्कलन तथा व्यवस्थापन समिति रहनेछः

| | | |
|---|---|---|
| **(क)** | प्रमुख जिल्ला अधिकारी | - संयोजक |
| **(ख)** | जिल्ला स्थित सुरक्षा निकायका प्रमुखहरू | - सदस्य |
| **(ग)** | जिल्ला कारागार प्रमुख | - सदस्य |
| **(घ)** | निर्वाचन अधिकारी | -सदस्य-सचिव |

(२) जिल्ला अस्थायी मतदाता नामावली सङ्कलन तथा व्यवस्थापन समितिको बैठकमा मुख्य निर्वाचन अधिकृतलाई विशेष आमन्त्रण गर्न सकिनेछ।

(३) जिल्ला समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

तर अधिकतम तीन वटा बैठकसम्मको मात्र नियमानुसारको सुविधा उपलब्ध हुनेछ।

(४) जिल्ला समितिको बैठकमा सम्बन्धित निकायका प्रतिनिधि तथा अन्य कर्मचारी (बढीमा तीन जनासम्म) लाई आमन्त्रण गर्न सकिनेछ।

(५) जिल्ला समितिको कार्य जिम्मेवारी देहाय बमोजिम हुनेछ :-

(क) जिल्ला भित्र अस्थायी मतदाता नामावलीका लागि विवरण सङ्कलन गर्न सम्बन्धित निकायसँग समन्वय गर्ने,

(ख) अस्थायी मतदाता नामावलीका लागि विवरण सङ्कलन तथा अस्थायी मतदाता नामावली प्रयोग सम्बन्धमा कुनै समस्या परेमा सोको समाधान गर्ने,

(ग) अस्थायी मतदाता नामावली अद्यावधिक तथा दाबी विरोध कार्यक्रम सञ्चालन गर्न समन्वय गर्ने,

(घ) अन्तिम अस्थायी मतदाता नामावली तयार गर्ने,

(ङ) दफा १७ बमोजिम तोकिएको मापदण्ड अनुसार अस्थायी मतदान केन्द्र निर्धारणका लागि आयोग समक्ष सिफारिस गर्ने,

(च) आयोगको निर्देशन बमोजिमका अन्य कार्यहरू गर्ने।

९. <u>अस्थायी मतदाता नामावली सङ्कलन गर्ने</u> : (१) दफा ५ बमोजिम आयोगले अस्थायी मतदाता नामावली सङ्कलन सम्बन्धी कार्यक्रमको सूचना प्रकाशन गरेपछि प्रमुख नाम दर्ता अधिकारीले सम्बन्धित जिल्लामा रहेका देहायका व्यक्तिको विवरण देहायका निकाय वा संस्थासँग माग गर्नु पर्नेछः-

(क) नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह तथा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको संस्थामा कार्यरत कर्मचारीको विवरण त्यस्तो संस्थाबाट,

(ख) नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बलमा कार्यरत सुरक्षाकर्मीको विवरण त्यस्तो ब्यारेक वा कार्यालयबाट,

(ग) कारागारमा रहेका कैदी र थुनुवाको विवरण सम्बन्धित कारागार कार्यालयबाट,

(घ) वृद्धाश्रममा रहेका व्यक्तिको विवरण सम्बन्धित वृद्धाश्रम व्यवस्थापन गर्ने संस्थाबाट।

(२) उपदफा (१) बमोजिम प्रमुख नाम दर्ता अधिकारीबाट विवरण माग भई आएमा सम्बन्धित कार्यालय, ब्यारेक, संस्थाले कार्यक्रममा तोकिएको अवधि भित्र अनुसूची-३ बमोजिमको ढाँचामा विवरण तयार गरी सम्बन्धित निकायको प्रमुखले आफ्नो कार्यालय, संस्थाका साथै मातहतका निकायको विवरण समेत प्रमाणित गरी सोको विद्युतीय प्रतिसहित निर्वाचन कार्यालयमा पठाउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम प्राप्त विवरणको आधारमा प्रमुख नाम दर्ता अधिकारीले ऐनको दफा २० बमोजिम आयोगबाट तयार गरिएको अन्तिम मतदाता नामावलीसँग रुजु गरी अनुसूची-४ बमोजिमको ढाँचामा जिल्लाको प्रारम्भिक अस्थायी मतदाता नामावली तयार गरी निर्वाचन कार्यालयमा प्रकाशन गर्नु पर्नेछ र त्यस्तो नामावली सम्बन्धित निकाय वा संस्थामा पठाउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम प्राप्त भएको प्रारम्भिक अस्थायी मतदाता नामावली सम्बन्धित निकाय वा संस्थाले सो नामावलीमा नाम भएका व्यक्तिहरुले देख्ने ठाउँमा टाँस गरी सोको मुचुल्का निर्वाचन कार्यालयमा पठाउनु पर्नेछ।

## परिच्छेद-३

## अस्थायी मतदाता नामावली अद्यावधिक

१०. **नाम समावेश गर्न, त्रुटि सच्याउन वा दाबी विरोधका लागि निवेदन दिन सक्ने** : (१) दफा ९ को उपदफा (३) र (४) बमोजिम प्रकाशित प्रारम्भिक अस्थायी मतदाता नामावलीमा कुनै व्यक्तिको नाम छुटेको वा कुनै मतदाताको नाम वा विवरणमा कुनै त्रुटि भएमा सम्बन्धित व्यक्तिले आफ्नो नाम समावेश गराउन वा त्रुटि सच्याउन प्रमाण सहित कार्यक्रममा उल्लिखित समयावधिभित्र अनुसूची-५ बमोजिमको ढाँचामा प्रमुख नाम दर्ता अधिकारी समक्ष निवेदन दिनु पर्नेछ।

(२) दफा ९ को उपदफा (३) र (४) बमोजिम प्रकाशित नामावलीमा कुनै व्यक्तिको नाम समावेश हुन नसक्ने भनी कुनै मतदाताले सो कुराको विरोध गरी आवश्यक प्रमाण सहित अनुसूची-६ बमोजिमको ढाँचामा दाबी विरोधका लागि निवेदन दिन सक्नेछ।

(३) कारागारमा रहेका कैदी र थुनुवाको हकमा उपदफा (१) वा (२) बमोजिमको निवेदन दिंदा सहायक नाम दर्ता अधिकारी मार्फत् दिन सकिनेछ।

११. **जाँचबुझ गरी संशोधित अस्थायी मतदाता नामावली तयार गर्ने**: (१) दफा १० को उपदफा (१) वा (२) बमोजिम प्राप्त निवेदन र सोसाथ संलग्न प्रमाण उपर प्रमुख नाम दर्ता अधिकारीले आवश्यक जाँचबुझ गर्नेछ। यसरी जाँचबुझ गर्दा निवेदन दिने व्यक्ति वा जसको विरुद्ध दाबी विरोध परेको हो सो व्यक्तिसँग अनुसूची-७ बमोजिमको ढाँचामा सूचना प्रकाशन गरी कुनै कुरा बुझ्न वा थप प्रमाण माग गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्रमुख नाम दर्ता अधिकारीले जाँचबुझ गर्दा प्रारम्भिक अस्थायी मतदाता नामावलीमा कुनै मतदाताको नाम छुटेको देखिएमा निजको नाम समावेश गरी, कुनै त्रुटि भएको देखिएमा त्यस्तो त्रुटि सच्याई र अस्थायी मतदाता नामावलीमा नाम समावेश हुन नसक्ने व्यक्तिको नाम समावेश भएको देखिएमा त्यस्तो व्यक्तिको नाम हटाई अनुसूची-४ बमोजिमको संशोधित अस्थायी मतदाता नामावली तयार गरी निर्वाचन कार्यालयमा टाँस गर्नु पर्नेछ।

१२. **अन्तिम अस्थायी मतदाता नामावली तयार गर्ने** : (१) दफा ११ बमोजिमको प्रक्रिया पूरा भए पश्चात अस्थायी मतदाता नामावलीमा नाम समावेश भएका व्यक्तिको विवरण प्रमुख नाम दर्ता अधिकारीले ऐनको दफा २० बमोजिम आयोगबाट तयार गरिएको अन्तिम मतदाता नामावलीसँग रुजु गरी अन्तिम मतदाता नामावलीमा नाम समावेश भएका

मतदाताहरुको मात्र विवरण अनुसूची-४ बमोजिमको ढाँचामा जिल्लास्तरीय समितिबाट भएको निर्णय बमोजिम अस्थायी मतदाता नामावली प्रमाणित गरी प्रकाशन गर्नु पर्नेछ।

(२) प्रमुख नाम दर्ता अधिकारीले उपदफा (१) बमोजिम तयार भएको अन्तिम अस्थायी मतदाता नामावलीको संख्यात्मक विवरण आयोगमा पठाउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम प्रकाशित अन्तिम अस्थायी मतदाता नामावलीमा कुनै प्रकारबाट हेरफेर गर्न, थपघट गर्न वा सच्याउन सकिने छैन।

(४) उपदफा (१) बमोजिमको अन्तिम अस्थायी मतदाता नामावलीको सूचना प्रमुख नाम दर्ता अधिकारीले निर्वाचन कार्यालयमा प्रकाशन गरी सोको जानकारी सम्बन्धित निकाय वा संस्थालाई दिनु पर्नेछ।

## परिच्छेद-४
## विविध

१३. **निर्वाचन अधिकृतलाई नामावली उपलब्ध गराउनु पर्ने** : दफा १२ बमोजिमको अन्तिम अस्थायी मतदाता नामावली प्रमुख नाम दर्ता अधिकारीले सम्बन्धित निर्वाचन अधिकृतलाई उपलब्ध गराउनु पर्नेछ।

१४. **अस्थायी मतदाता नामावलीको प्रयोग** : यस कार्यविधि बमोजिम तयार गरिएको अन्तिम अस्थायी मतदाता नामावली प्रतिनिधि सभा सदस्य निर्वाचनको समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचनमा मतदान गर्ने प्रयोजनका लागि मात्र प्रयोग हुनेछ।

१५. **मतदान केन्द्रमा खटिने कर्मचारीको नामावली तयार गर्ने** : (१) निर्वाचन अधिकृतले मतदान केन्द्रमा खटिने कर्मचारी वा सुरक्षाकर्मीको अस्थायी मतदाता नामावली अनुसूची-८ को ढाँचामा तयार गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम अस्थायी मतदाता नामावली तयार गर्दा दफा १२ बमोजिम तयार भएको अन्तिम अस्थायी मतदाता नामावलीमा नाम समावेश भएको आधारमा तयार गर्नु पर्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा १२ बमोजिमको अस्थायी मतदाता नामावलीमा नाम समावेश नभएको कर्मचारी वा सुरक्षाकर्मी मतदान केन्द्रमा खटाउनु पर्ने अवस्थामा निर्वाचन अधिकृतले ऐनको दफा २० बमोजिमको अन्तिम मतदाता नामावलीसँग रुजु गरी सो नामावलीमा नाम समावेश भएका व्यक्तिहरुको नाम उपदफा (१) बमोजिमको अस्थायी मतदाता नामावलीमा समावेश गर्नु पर्नेछ।

१६. **अस्थायी मतदाता नामावली उपलब्ध गराउने** : (१) निर्वाचन कार्यालयले चार प्रति श्यामश्वेत अन्तिम अस्थायी मतदाता नामावली छपाइ गरी सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयलाई एक प्रति, सम्बन्धित मतदान अधिकृतलाई दुई प्रति र आफ्नो कार्यालयमा एक प्रति राख्नु पर्नेछ।

निर्वाचन आयोग, नेपाल

(२) निर्वाचन अधिकृतले मतदान कार्यमा खटिने कर्मचारी र सुरक्षाकर्मीको चार प्रति श्यामश्वेत अन्तिम अस्थायी मतदाता नामावली तयार गरी तीन प्रति सम्बन्धित निर्वाचन कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ। यसरी प्राप्त नामावलीमध्ये दुई प्रति नामावली निर्वाचन कार्यालयले सम्बन्धित मतदान अधिकृतलाई उपलब्ध गराउनु पर्नेछ।

(३) यस दफा बमोजिम प्राप्त नामावलीका आधारमा मतदान अधिकृतले त्यस्तो नामावलीमा नाम समावेश भएका व्यक्तिलाई आयोगले तोकेको परिचय पत्रका आधारमा प्रतिनिधि सभा सदस्य निर्वाचन तर्फको समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचनमा मतदान गराउने व्यवस्था मिलाउनु पर्नेछ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै मतदान केन्द्रमा पुनः मतदान हुने भएमा त्यसरी पूनः मतदानको लागि खटिएका कर्मचारी वा सुरक्षाकर्मीले मतदान गर्न पाउने छैन।

१७. **<u>अस्थायी मतदान केन्द्र</u>** : (१) जिल्लामा आवश्यक पर्ने अस्थायी मतदान केन्द्रको सङ्ख्या र स्थानका सम्बन्धमा जिल्ला समितिले आयोगमा सिफारिस गरी पठाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम अस्थायी मतदान केन्द्र सिफारिस गर्दा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, कारागारमा रहेका थुनुवा र कैदी, जिल्ला भित्र कार्यरत सरकारी कर्मचारी, बृद्धाश्रममा रहेका व्यक्तिका लागि पायक पर्ने गरी मिलेसम्म एक भन्दा बढी संस्था वा निकायका कम्तीमा पचास जना र बढीमा एक हजार तीन सय जनासम्म मतदाताले एक मतदान केन्द्रमा मतदान गर्न सक्ने गरी सिफारिस गर्नु पर्नेछ।

(३) कारागारमा रहेका थुनुवा र कैदी बाहेक कम्तीमा पचास जना भन्दा कम मतदाता भएको अवस्थामा जिल्ला समितिले त्यस्ता मतदातालाई पायक पर्ने गरी स्थायी मतदान केन्द्रमा मतदान गर्ने व्यवस्था मिलाउन सक्नेछ।

(४) जिल्ला समितिले आयोगमा अस्थायी मतदान केन्द्र सिफारिस गरी पठाउँदा सम्भव भएसम्म सञ्चारकर्मी, पर्यवेक्षक तथा सर्वसाधारणले मतदान प्रक्रिया देख्न सक्ने स्थानमा हुने गरी सिफारिस गर्नु पर्नेछ।

(५) उपदफा (२) बमोजिम सिफारिस भई आएपछि आयोगले अन्तिम अस्थायी मतदान केन्द्र निर्धारण गर्नेछ।

(६) उपदफा (५) बमोजिम अन्तिम अस्थायी मतदान केन्द्र निर्धारण भएपछि निर्वाचन कार्यालयले मतदानको दिनभन्दा कम्तीमा दस दिन अगाडि सम्बन्धित निकाय वा संस्थालाई सूचना दिनु पर्नेछ।

(७) वृद्धाश्रममा रहेका व्यक्तिको लागि उपदफा (३) बमोजिम स्थायी मतदान केन्द्रमा वा अन्य स्थानको अस्थायी मतदान केन्द्रमा मतदान गराउने व्यवस्था भएमा त्यस्ता मतदातालाई आवत जावत गराउने प्रयोजनका लागि सम्बन्धित संस्थाले सवारी पास माग गरेमा निर्वाचन अधिकृत वा तोकिएको अधिकारीले सो प्रयोजनको लागि सवारी पास उपलब्ध गराउनु पर्नेछ।

१८. **<u>जनशक्ति व्यवस्थापन</u>** : यस कार्यविधि बमोजिम अस्थायी मतदाता नामावली तयार गर्ने विवरण सङ्कलन गर्ने कार्यका लागि निर्वाचन कार्यालयमा उपलब्ध जनशक्ति नपुग हुने भएमा दफा ५ बमोजिमको कार्यक्रम प्रकाशन भएपछि युनिकोडमा टाइप गर्ने लगायतका सीप भएको रा.प.अनं. प्रथम श्रेणीको नायव सुब्बा वा सो सरह, कम्प्युटर अपरेटर वा रा.प.अनं. द्वितीय श्रेणीको सहायक कम्प्युटर अपरेटरलाई देहाय बमोजिमको सङ्ख्याका कर्मचारीलाई निर्वाचन कार्यालयले बढीमा दुई महिनाका लागि काजमा ल्याई काममा लगाउन सक्नेछ।

<u>देहायः</u>

(क) ५ हजारसम्म विवरण सङ्कलन गर्नुपर्ने जिल्लाको हकमा एक जना,

(ख) ५ हजार देखि १५ हजारसम्म विवरण सङ्कलन गर्नुपर्ने जिल्लाको हकमा बढीमा दुई जना,

(ग) १५ हजार देखि २५ हजारसम्म विवरण सङ्कलन गर्नुपर्ने जिल्लाको हकमा बढीमा तीन जना,

(घ) २५ हजारभन्दा माथि जतिसुकै विवरण सङ्कलन गर्नुपर्ने जिल्लाको हकमा बढीमा चार जना।

१९. **<u>आर्थिक व्यवस्थापन</u>**ः अस्थायी मतदाता नामावली तयार गर्ने क्रममा थप जनशक्ति, मतदाता नामावली छपाइ तथा अन्य व्यवस्थापनमा लाग्ने खर्च आयोगले निर्वाचन कार्यालयलाई उपलव्ध गराउनेछ।

२०. **<u>अस्थायी मतदान केन्द्रका लागि सामग्री तथा जनशक्ति</u>**ः अस्थायी मतदान केन्द्रका लागि आवश्यक पर्ने निर्वाचन सामग्री तथा जनशक्ति आयोगबाट स्वीकृत प्रतिनिधि सभा सदस्य निर्वाचनसँग सम्बन्धित निर्देशिका तथा मापदण्ड बमोजिम हुनेछ।

२१. **<u>मतदान गर्ने कागजात</u>**ः कारागारका थुनुवा र कैदी तथा बृद्धाश्रममा रहेका अस्थायी मतदाताको हकमा निर्वाचन कार्यालयले निजको मतदाता नामावलीको प्रतिलिपि प्रमाणित गरी सम्बन्धित कारागार प्रमुखलाई उपलव्ध गराउनु पर्नेछ।

२२. **<u>दोहोरो मतदान गर्न नहुनेः</u>** (१) अस्थायी मतदाता नामावलीमा नाम समावेश भएको व्यक्तिले यस कार्यविधि बमोजिम अस्थायी मतदान केन्द्र वा आफू खटिएको मतदान केन्द्रमा मतदान गरे पछि निजको अन्तिम मतदाता नामावलीमा नाम समावेश भएको मतदान केन्द्रमा मतदान गर्न वा अन्तिम मतदाता नामावलीमा आफ्नो नाम समावेश भएको मतदान केन्द्रमा मतदान गरेपछि यस कार्यविधि बमोजिमको अस्थायी मतदान केन्द्र वा आफू खटिएको मतदान केन्द्रमा मतदान गर्न हुँदैन।

(२) उपदफा (१) विपरीत दोहोरो मतदान गर्ने व्यक्तिलाई निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ को दफा ८ बमोजिम मतदान अधिकृतले पच्चीस हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ।

२३. **मतदान प्रक्रियामा सहभागी नगराइने**: दफा १२ बमोजिम प्रकाशित अन्तिम अस्थायी मतदाता नामावली र दफा १५ बमोजिम तयार भएको मतदान केन्द्रमा खटिने कर्मचारी र सुरक्षाकर्मीको अन्तिम अस्थायी मतदाता नामावलीमा नाम समावेश नभएका व्यक्तिलाई अन्य कुनै आधारमा यस कार्यविधि बमोजिमको मतदान प्रक्रियामा सहभागी गराइने छैन।

२४. **अस्थायी मतदाता नामावली प्रणालीको प्रयोग** : यस कार्यविधि बमोजिम अस्थायी मतदाता नामावली सङ्कलन गर्ने, सङ्कलित नामावली रूजु तथा प्रमाणीकरण गर्ने लगायत अस्थायी मतदाता नामावली तथा अस्थायी मतदान केन्द्र सम्बन्धी विवरणहरू सूचना प्रविधिको माध्यमबाट व्यवस्थित गर्न सकिनेछ।

२५. **खारेजी र बचाउः** (१) अस्थायी मतदाता नामावली सम्बन्धी कार्यविधि, २०७९ खारेज गरिएको छ।

(२) अस्थायी मतदाता नामावली सम्बन्धी कार्यविधि, २०७९ बमोजिम भए गरेका काम कारबाही यसै कार्यविधि बमोजिम भए गरेको मानिने छ।

निर्वाचन आयोग, नेपाल

अनुसूची-१

(दफा ५ को उपदफा ३ सँग सम्बन्धित)

## अस्थायी मतदाता नामावली तयारी सम्बन्धी कार्यक्रम

निर्वाचन आयोग

प्रमुख नाम दर्ता अधिकारीको कार्यालय

............. जिल्ला

प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२ मा समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचन प्रयोजनको लागि मतदाता नामावली ऐन, २०७३ को दफा ३० बमोजिम अस्थायी मतदाता नामावली तयार गर्नको लागि निर्वाचन आयोगबाट निर्धारण भए बमोजिम अस्थायी मतदाता नामावली सङ्कलन सम्बन्धी कार्यक्रम देहाय बमोजिम हुने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि प्रकाशन गरिएको छ।

| **क्र.सं.** | **कार्यक्रम** | **मिति** | | **सम्पर्क कार्यालय** |
|---|---|---|---|---|
| | | देखि | सम्म | |
| १ | प्रमुख नाम दर्ता अधिकारीले नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह तथा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको संथामा कार्यरत, व्यारेकमा रहेका नेपाली सेना, नेपाल प्रहरी वा सशस्त्र प्रहरी, कारागारमा रहेका थुनुवा र कैदी, नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले सञ्चालन गरेको वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको स्वीकृति लिई सञ्चालन भएको वृद्धाश्रममा बसेका व्यक्तिहरु संवैधानिक निकायका प्रमुख तथा पदाधिकारीलाई अस्थायी मतदाता नामावलीमा समावेश हुने व्यक्तिहरुको नामावली सम्बन्धित कार्यालय प्रमुखले प्रमाणित गरी प्रमुख नाम दर्ता अधिकारीको कार्यालयमा अनुसूची-३ बमोजिमको ढाँचामा पठाउन जानकारी गराउने। | | | |
| २ | क्र.सं. १ बमोजिम सम्बन्धित निकायका प्रमुखले अस्थायी मतदाता नामावलीमा समावेश हुने व्यक्तिहरुको नामावली (अन्तिम मतदाता नामावलीमा नाम समावेश भएका व्यक्ति) प्रमाणित गरी प्रमुख नाम दर्ता अधिकारीको कार्यालयमा पठाउने। | | | |
| ३ | क्र.सं. २ बमोजिमको विवरणमा त्रुटि सच्याउनको लागि प्रारम्भिक अस्थायी मतदाता नामावली प्रकाशन गर्ने। | | | निर्वाचन कार्यालय |
| ४ | प्रारम्भिक अस्थायी मतदाता नामावलीमा छुट भएका व्यक्तिले नाम समावेश गर्न तथा त्रुटि सच्याउन निवेदन दिने। | | | निर्वाचन कार्यालय |

| | | | | |
|---|---|---|---|---|
| ५ | अस्थायी मतदाता नामावलीमा नाम समावेश गर्न प्राप्त निवेदन उपर जाँचबुझ गरी संशोधित अस्थायी मतदाता नामावली प्रकाशन गर्ने। | | | निर्वाचन कार्यालय |
| ६ | प्रारम्भिक तथा संशोधित अस्थायी मतदाता नामावलीमा नाम समावेश भएका व्यक्तिको सम्बन्धमा दाबी विरोधका लागि निवेदन पेश गर्ने। | | | |
| ७ | दाबी विरोधको निवेदन उपर जाँचबुझ गरी निर्णय गर्ने। | | | निर्वाचन कार्यालय |
| ८ | क्र.सं. ७ बमोजिमको प्रारम्भिक तथा संशोधित अस्थायी मतदाता नामावली तयार गर्ने। | | | निर्वाचन कार्यालय |
| ९ | अन्तिम अस्थायी मतदाता नामावली प्रकाशन गर्ने। | | | निर्वाचन कार्यालय |

प्रमुख नाम दर्ता अधिकारीको-
नाम, थर :
सही :
मिति :

<u>द्रष्टव्य</u> : यो कार्यक्रम सार्वजनिक बिदाको दिनमा समेत संचालन गरिनेछ।

निर्वाचन आयोग, नेपाल

अनुसूची -२

(दफा ५ को उपदफा (३) सँग सम्बन्धित)

<u>.............................. विषयको लागि सूचना प्रकाशित गरेको मुचुल्का</u>

आज मिति ....................... का दिन.............. जिल्लाको प्रमुख नाम दर्ता अधिकारीको कार्यालय/..........कार्यालय/निकायमा अस्थायी मतदाता नामावली तयार गर्ने कार्यक्रम/प्रारम्भिक/ संशोधित/ अन्तिम मतदाता नामावली प्रकाशित/टाँस गरिएको व्यहोरा ठीक साँचो हो भनी हामी तपसिल बमोजिमका व्यक्तिहरुले यो मुचुल्का गरिदियौं।

<u>तपसिल</u> :

१. ..........................गा.पा./न.पा. वडा नं..... बस्ने वर्ष .......को श्री ..............................

२. ..........................गा.पा./न.पा. वडा नं..... बस्ने वर्ष .......को श्री ..............................

३. .......................... गा.पा/न.पा. वडा नं..... बस्ने वर्ष .......को श्री ..............................

मुचुल्का गराउने कर्मचारीको

नाम, थर :

सही :

पद :

मिति :

निर्वाचन आयोग, नेपाल

अनुसूची -३
(दफा ९ को उपदफा (२) सँग सम्बन्धित)

<u>अस्थायी मतदाता नामावलीमा नाम समावेश हुन योग्यता पुगेका व्यक्तिको नामावली प्रमाणित गर्ने फाराम</u>

विवरण प्रमाणित गर्ने सरकारी कार्यालय/सैनिक वा प्रहरी व्यारेक/कारागार/वृद्धाश्रमको नामः-..........................
ठेगाना :- जिल्ला.............................  गा.पा./न.पा.................................
वडा नं. ................

| **क.सं.** | **मतदाता हुने व्यक्तिको** | | | | **पिता/ माताको नाम,थर** | **पति/ पत्नीको नाम, थर** | **मतदाता रहेको कार्यालय, व्यारेक, कारागार र वृद्धाश्रमको** | | **मतदाता हुने व्यक्तिको स्थायी ठेगाना** | | | | **कैफियत** |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | | | | २ | ३ | ४ | | ५ | | | | ६ |
| | नाम, थर | जन्म मिति (साल महिना गते) | अन्तिम मतदाता नामावलीको नं. | ना.प्र.प.नं./ जारी जिल्ला | | | नाम | ठेगाना | जिल्ला | गा.पा./न.पा | वडा नं. | गाउँ/टोल | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |

<u>द्रष्टव्य</u> : कुनै जिल्ला स्तरको निकाय वा कार्यालयले अन्तर्गतका निकाय वा कार्यालयको विवरण भर्दा माथि उल्लेखित सबै विवरणहरू अनिवार्य भर्नु पर्नेछ।

प्रमाणित गर्ने कार्यालय/व्यारेक/कारागार/वृद्धाश्रमको प्रमुखको
नाम, थर : ...................................
सही : ...................................
पद : ...................................
मिति : ...................................

निर्वाचन आयोग नेपाल

अनुसूची -४

(दफा ९ को उपदफा (३), दफा ११ को उपदफा (२) र दफा १२ को उपदफा (१) सँग सम्बन्धित)

<u>प्रारम्भिक/संशोधित/अन्तिम अस्थायी मतदाता नामावली</u>

| क्र.सं. | **मतदाताको** | | | | | **पिता वा माता वा पति वा पत्नीको** | | **मतदाता रहेको कार्यालय, ब्यारेक, कारागार वृद्धाश्रमको** | | **मतदाताको स्थायी ठेगाना** | | | | **कैफियत** |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | नाम, थर | अन्तिम मतदाता नं. | लिङ्ग | जन्म मिति (साल महिना गते) | ना.प्र.प.नं./जारी जिल्ला | नाम, थर | नाता | नाम | ठेगाना | जिल्ला | गा.पा./न.पा | वडा नं. | गाउँ/टोल | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |

प्रमाणित गर्ने व्यक्तिको -

नाम, थर :

पद :

सही :

मिति :

निर्वाचन आयोग, नेपाल

अनुसूची - ५

(दफा १० को उपदफा (१) सँग सम्बन्धित)

<u>अस्थायी मतदाता नामावलीमा नाम समावेश गर्न वा त्रुटि सच्याउन दिने निबेदन</u>

श्री प्रमुख नाम दर्ता अधिकारी,

.................. कार्यालय।

महोदय,

त्यस कार्यालयबाट मिति ................ मा प्रकाशित प्रारम्भिक अस्थायी मतदाता नामावलीमा मेरो नाम समावेश हुन छुट भएको/रहेको मेरो नाम विवरणमा त्रुटि रहेको हुँदा देहाय बमोजिम नाम समावेश गरिदिनुहुन/त्रुटि सच्याइदिनुहुन यो निवेदन पेश गरेको छु।

<u>समावेश गर्नुपर्ने/त्रुटि सच्याई कायम हुनुपर्ने विवरण</u>

नाम, थर :

अन्तिम मतदाता नामावली नं. :

लिङ्ग :

जन्म मिति :

ना.प्र.प.नं./जिल्लाः

पिता/माताको नाम,थरः

पति वा पत्नीको नाम, थरः

कार्यरत/रहेको सरकारी कार्यालय/सैनिक वा प्रहरी व्यारेक/कारागार/वृद्धाश्रमको नामः .....................

ठेगानाः- जिल्ला................गा.पा./न.पा.......वडा नं............

मतदाताको स्थायी ठेगानाः- जिल्ला................गा.पा./न.पा.......वडा नं............

पेश गरेको प्रमाणः-

निवेदकको

सही :

मिति :

निर्वाचन आयोग, नेपाल

अनुसूची - ६

(दफा १० को उपदफा (२) सँग सम्बन्धित)

<u>अस्थायी मतदाता नामावलीमा दाबि विरोध गरी पेश गरेको निवेदन</u>

श्री प्रमुख नाम दर्ता अधिकारी,

.................. कार्यालय

महोदय,

त्यस कार्यालयबाट मिति ................ मा प्रकाशित प्रारम्भिक/संशोधित अस्थायी मतदाता नामावलीमा नाम समावेश गरिएका देहायका व्यक्तिको नाम उक्त अस्थायी मतदाता नामावलीमा देहायको आधारमा समावेश हुन नसक्ने भएको हुँदा निजको नाम उक्त अस्थायी मतदाता नामावलीबाट हटाउनको लागि यो दाबी बिरोधको निवेदन पेश गरेको छु।

क) <u>नाम समावेश हुन नसक्ने व्यक्तिको विवरण</u>

नाम, थर : ........................... लिङ्ग :........ जन्म मिति :....................ना.प्र.प.नं./जिल्लाः ............

पिता/माताको नाम,थरः

पति वा पत्नीको नाम, थरः

कार्यरत/रहेको सरकारी कार्यालय/सैनिक वा प्रहरी व्यारेक/कारागार/वृद्धाश्रमको नामः .........................

ठेगानाः- जिल्ला................गा.पा./न.पा.......वडा नं............

मतदाताको स्थायी ठेगानाः- जिल्ला................गा.वि.स./न.पा.......वडा नं...........

ख) नाम समावेश हुन नसक्ने आधारः

ग) पेश गरेको प्रमाणः

निवेदक मतदाताको -

नाम, थर :

सही :

ठेगाना :

मतदाता नामावलीको विवरणः

मिति :

निर्वाचन आयोग, नेपाल

अनुसूची - ७

(दफा ११ को उपदफा (१) सँग सम्बन्धित)
निर्वाचन आयोग
प्रमुख नाम दर्ता अधिकारीको कार्यालय
.......................... जिल्ला

निवेदन दिने व्यक्ति/अस्थायी मतदातालाई भनाइ/प्रमाण पेश गर्न आउने सूचना

देहायका मतदाताको नाम अस्थायी मतदाता नामावलीबाट हटाउन दाबी विरोध/सूचना पर्न आएकोले आफ्नो नाम हट्नु नपर्ने कुनै कारण र प्रमाण भए सोको प्रमाण/नाम हटाउनका लागि थप प्रमाण सहित मिति .................... देखि .................... सम्ममा यस कार्यालयमा सम्पर्क राख्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छः-

प्रमुख नाम दर्ता अधिकारी
नाम, थर : ..................................
सही : ..................................
मिति : ..................................

निर्वाचन आयोग, नेपाल

अनुसूची -८

(दफा १५ को उपदफा (१) सँग सम्बन्धित)

निर्वाचन आयोग

प्रमुख नाम दर्ता अधिकारीको कार्यालय

...............जिल्ला

<u>मतदान केन्द्रमा खटिने कर्मचारी तथा सुरक्षाकर्मीको अस्थायी मतदाता नामावली</u>

प्रदेश : ...................... जिल्ला : ........................... मतदान केन्द्रः

| **क्र.सं.** | **मतदाता हुने कर्मचारी/सुरक्षाकर्मीको** | | | | | **कार्यरत रहेको निकाय र पद** | | पिता/माता को नाम | पति/पत्नी को नाम | **मतदाता हुने व्यक्तिको स्थायी ठेगाना** | | | | **कैफियत** |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | मतदान केन्द्रमा खटिए को पद | नाम , थर | जन्म मिति (साल महिना गते) | अन्तिम मतदाता नामावली को नं. | ना.प्र.प. नं./ जारी जिल्ला | कार्यरत रहेको निकाय | पद | | | जिल्ला | गा.पा./ न.पा | वडा नं. | गाउँ/ टोल | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |

प्रमाणित गर्ने निर्वाचन अधिकृतको,

नाम, थर : ..................................

सही : ..................................

पद : ..................................

मिति : ..................................

निर्वाचन आयोग, नेपाल